CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #६७

१९।६।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

# कोभिड - १९ का बिरामीलाई छिटो छरितो उपचारका लागि एयर लिफ्टिङको व्यवस्था



## १ लिफ्टिङ कसलाई गर्ने ?

उपचाररत अस्पतालमा बिरामीको उपचार सम्भव नभएको भनी उपचाररत चिकित्सकले सिफारिस गरेका गम्भिर प्रकृतिका कोभिड - १९ का बिरामीलाई ।

## २ लिफ्टिङ कसले गर्ने ?

कोभिड - १९ का बिरामीलाई लिफ्टिङ गर्न सूचिकृत हवाई/विमान कम्पनी । तर, नेपाल सरकारको मातहतमा रहेको नेपाली सेनाबाट सञ्चालनमा आएका हवाई/विमान साधन पहिलो प्राथमिकतामा पर्नेछन् ।

## ३ लिफ्टिङ विमानका लागि आवश्यक जनशक्तिको व्यवस्था के हुनुपर्छ ?

एकजना मेडिकल अफिसर सहित कम्तिमा २ जना स्वास्थ्यकर्मी अनिवार्य हुनुपर्ने ।




## ४ लिफ्टिङका लागि चार्टर गरेको विमानको भाडा कसले व्यहोर्ने ?

लिफ्टिङका लागि चार्टर गरेको विमानको भाडा भुक्तानीको जिम्मेवारी बुकिङ गर्ने व्यक्ति वा सँस्थाको हुनेछ । विमान कम्पनीले तोकिएको शुल्क भन्दा बढी भाडा लिन पाउने छैन ।

स्रोत: https://drive.google.com/file/d/13o2uP67Y05UfvTOuZUI9MT3A1h_yuXMo/view

# नेपाल अपडेट



कोभिडको कारण मृत्यु भएका प्रदेश अस्पताल सुर्खेतका वरिष्ठ चिकित्सक हरि सापकोटा प्रति श्रद्धाञ्जली अर्पण गरिदै ।

तस्बिर: कुमार शमसेर थापा

**परिक्षण**


पिसिआर परिक्षण: १०,८८,२२९

पोजेटिभ: ७९,७२८

उपचाररत: २३,५०७

मृत्यु : ५५४

सन्चो भएका : ६५,२०२




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



आन्तरिक उडानमा यात्रा गर्ने यात्रुले पनि कोरोना संक्रमण छैन भनेर फारम भर्नुपर्छ रे । के पिसिआर परीक्षण नै गर्नुपर्ने हो ?

आन्तरिक उडान मार्फत यात्रा गर्ने यात्रुले यात्रा गर्नुपूर्व पिसिआर परीक्षण गर्नु पर्दैन । तर, कोरोनाका सम्भावित लक्षण छनैन् भनेर स्वघोषणा फारम भने भर्नु पर्दछ । साथसाथै १४ दिन भित्र त्यस्ता लक्षण देखिएका व्यक्तिको सम्पर्कमा नभएको कुरा ठिक हो, झुठो ठहरे कारवाही भोग्न तयार छु भनी आफ्नो सम्पर्क सहित विस्तृत विवरण पनि फारममा भर्नुपर्दछ ।

स्रोत: https://ccmc.gov.np/drms/



वैदेशिक रोजगार बोर्डको कार्यालय बन्द छ रे ? अरु सबै सरकारी कार्यालय त खुलिरहेकाछन नि, हैन र ?

वैदेशिक रोजगार बोर्डको सचिवालयमा कार्यरत कर्मचारीमा कोभिड -१९ को संक्रमण देखिएको हुँदा अर्को सूचना नभएसम्म सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी सम्पूर्ण सेवा बन्द हुने सूचना वैदेशिक रोजगार बोर्डको सचिवालयले सार्वजनिक गरेको हो । तर, व्यक्तिले आवश्यक कागजात सहित स्थानीय तहमा निवेदन दिई स्थानीय तहले कागजात रुजु गरी आधिकारीक ईमेलबाट सचिवालयको ईमेल info@fepb.gov.np मा प्राप्त भएमा, सचिवालयले कागजात रुजु गरी सम्बन्धित व्यक्तिको बैंक खातामा आर्थिक सहायताको रकम पठाउनेछ । यो सँगै बोर्डको सचिवालयबाट अत्यावशयक सेवा अन्तरगत गरिने शव ढुवानी कार्य भने सुचारु रहने छ ।

स्रोत: http://fepb.gov.np/detail/98/suchana



निजि अस्पतालले पिसिआर शुल्क सरकारले तोके भन्दा बढी लिईरहेकाछन् । उनिहरुलाई कुनै कारवाही हुदैन ?

गुणस्तर मापन तथा नियमन महाशाखाका अनुसार विभिन्न ८ वटा प्रयोगशाला - ह्याम्स अस्पताल, डिकोड ल्याव, ईन्टिग्रेटेड ल्याव, नेपाल मेडिसिटी हस्पिटल, सिडिएल, स्टार अस्पताल, बि एण्ड बि अस्पताल र सुर्या हेल्थकेयरले बढी शुल्क लिएर परिक्षण गरेको पाईएको थियो । उनिहरुलाई एक पटकलाई चेतावनी दिईएको र त्यस उपरान्त तोकिएको शुल्क नलिईएको पाईएमा वा शुल्क समायोजन नगरेमा प्रयोगशालाको परीक्षण स्वीकृती खारेज गर्ने निर्णय सरकारले गरेको छ । त्यसै गरेर कोभिड - १९ को पिसिआर शुल्क रु. २००० भन्दा बढी लिने प्रयोगशालालाई कालो बजारीको कसुरमा प्रयोगशाला बन्द गराउने गरी कारवाही गर्ने पनि सरकारले निर्णय गरेको छ ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/247766323326407



स्वास्थ्य मापदण्ड पालना नगर्नेले अब जरिवाना तिर्नु पर्नेछ रे । कती तिनुपर्छ ?

सरकारले अहिले सबैलाई जनस्वास्थ्यका मापदण्ड पालना गर्नु भनेर अनुरोध गरेको छ । तर, न्युन रुपमा मात्र यसको पालना भईरहेको छ । यसले संक्रमणको जोखिम बढेको कुरालाई मध्यनजर गर्दै जनस्वास्थ्यको मापदण्ड उलंघन गर्ने व्यक्तिलाई जरिवाना गर्नको लागि जरिवानाको दर निर्धारण गरी प्रस्ताव तयार गर्ने र स्वीकृतका लागि पेश गर्ने निर्णय ईन्सिडेन्ट कमाण्ड सिस्टमले गरेको छ । तर, जरिवानाको व्यवस्थाका लागि तयारी गरिरहेको भए पनि के कती जरिवाना हुने भनेर निर्णय नै भईसको छैन ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/3709948319050146

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19** को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,३६,३८७ | १,०७,०२५ | ७२,६६२ | १,२६,४९८ | ९८,८०१ | १,०१,२०७ | १२,३८१ | २४,१६४ |
| नेपाली संक्रमित | ४,१०७ | १,७३५ | ४५१ | २४,३०४ | २,४०० | ४५ | ८१ | २ |
| मृत्यु भएका नेपाली | ५२ | ७ | ३ | १८ | ३७ | १ | | |




- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## कोभिड - १९ को कारणले UAE मा परिवर्तन भएका भिषा सम्बन्धी नियम




१ भिषाको म्याद १ मार्च २०२० भन्दा पहिले सकिएको हो र त्यसलाई नविकरण गरीएको छैन भने, यस्तो अवस्थामा त्यस्ता व्यक्ती एम्नेस्टीमा परेका हुनाले १७ नोभेम्वर २०२० सम्ममा यूएई छोडेमा कुनै जरिवाना लाग्ने छैन ।

२ मार्च १ देखी जुलाई १२ सम्ममा भिषा सकिएकाहरूले १० अक्टोबर २०२० सम्ममा नविकरण गर्नुपर्छ अथवा नयाँ भिषा लिनु पर्छ । अन्यथा देश छोडीसक्नु पर्ने हुन्छ । जुलाई १२ भन्दा पछी भने, UAEकै नियमित नियम अनुसार हुनेछ । रद्द गरिएका भिषाको लागि भने १ महिना ग्रेस समय भन्दा बढी भएमा जरिवाना लाग्नेछ ।

३ यूएई भन्दा बाहिर रहनुभएका र छ महिना कटिसकेका भिषा बाहकहरूको लागी भने अहिले दुबईको लागी GDRFA र अन्य ईमिरेट्स को लागी ICA को स्वीकृती चाहिन्छ भने, सारजाहको लागि ICA Approval नचाहीने भनिएको छ ।

यदी दुबईको भिषा छ र स्वीकृतीको लागि फारम भर्दा भिषा Block या अन्य त्यस्तो Error देखाएमा भने तपाईं सिधै Amer Center को टेलिफोन नंम्बर 0097143139999 Call गर्न सक्नुहुन्छ अथवा amer@dnrd.ae मा मेल गर्नुहोला ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# अब होम बहादुर वैदेशिक रोजगारीमा जाँदैनन्



धादिङको ज्वालामुखी गाउँपालिका वडा नम्बर ३ का होम बहादुर पुलामी मगार बिगत ४ वर्ष देखी वैदेशिक रोजगारको शिलशिलामा दुबईमा थिए । सेक्युरिटी गार्डको रुपमा काम गरिरहेका पुलामीको काम कोरोना महामारीको समयमा पनि सुचारु थियो । काम गरिरहेको कम्पनी बिक्रि भएसँगै उनको रोजगारी पनि सकियो । त्यही शिलशिलामा उनी साढे एक महिना जति खालिनै बसे । तर, उनले करिव ८ महिना अगाडीनै नेपालमा गएर के गर्ने भनेर सोचिसकेका थिए । घरमा श्रीमतीलाई तरकारी खेतीको लागि तयारी गर्न भनिसकेका थिए । त्यही अनुरुप श्रीमतीले पनि करिब २ रोपनी जग्गामा गोलभेडा खेतीको तयारी गरिन । जब होम बहादुर कम्पनी बन्द भएर साढे एक महिना जति खालि बसे, त्यही समयमा युट्युबमा भिडियो हेर्दै टनेल बनाउने विधी सिके । त्यसकै माध्यमबाट कृषि विज्ञहरुको सम्पर्क खोजी परामर्श लिए । विदेशबाटै उनले श्रीमतीलाई टनेल बनाउने लगायत प्राविधिक कुरा सिकाए । उनी नेपाल फर्किएको जम्मा २०/२५ दिन भयो, तर उनी पुग्दा २ रोपनीमा रोपेका ४००० बोट गोलभेडा लटरम्म फलिसके ।

५ लाख लगानीमा सुरु गरेको गोलभेडा खेतीमा टनेल बनाउने प्लास्तिकको लागि वडा कार्यालयले सहयोग गरेको छ । उत्पादन स्थानीय बजारमै खपत भएको छ । घर फर्किएर के गर्ने भनेर चिन्ता लिनुपरेको छैन । महामारीको समयमा प्राय व्यवसायमा मन्दी आए पनि होम बहादुरको व्यवसाय निरन्तर चलिरहेको छ । उनि जस्तै विदेशबाट फर्किएकाहरु सरकारले केही गरेन भनेर आक्रोस पोखीरहेकाछन् । धेरैले फेरी विदेशिनुको विकल्प देखेका छैनन् । सरकारले उनिहरु जस्ता युवा लक्षित कार्यक्रम ल्याउने भने पनि कुनै ठोस योजना बनाउन सकेको छैन । तर, उनलाई यि कुनै कुराले असर गरेको छैन । उनले यो परिस्थितीको आँकलन गरेर वैदेशिक रोजगारीमा हुँदै योजना बनाए । त्यही अनुसार तयारी गरेर सुरुवात पनि गरे ।





उनी भन्छन्, "सरकारले वातावरण बनाउने हो । तर, सबै कुरा सरकारले नै गरिदिनुपर्छ भनेर बस्यो भने सधै बेरोजगार भईन्छ ।" मेहनती होम बहादुर महामारीकै बिचमा गाउँमै मनग्गे पैसा कमाईरहेकाछन् । धेरै परिश्रम र थोरै पारिश्रमिकका लागि अब होम बहादुर वैदेशिक रोजगारीमा जाँदैनन् ।

सही सूचना

# काठमाण्डौ उपत्यकामा संक्रमितको संख्या निरन्तर बढ्दै

कोभिड - १९ को केन्द्रबिन्दुको रुपमा रहेको काठमाण्डौ उपत्यका (काठमाण्डौ, भक्तपुर, ललितपुर) को वर्तमान अवस्था




दैनिक पुष्टि हुने संक्रमितको संख्या हेर्ने हो भने, काठमाण्डौ उपत्यका नेपालको सबै भन्दा बढी जोखिमयुक्त क्षेत्र हो । माथीको ग्राफमा असोज १८ गते सम्म काठमाण्डौ उपत्यकाको संक्रमणको अवस्थालाई देखाईएको छ । अहिले सम्म काठमाण्डौ उपत्यकामा संक्रमितको संख्या जम्मा संक्रमितको एक तिहाई रहेको छ । त्यसै गरेर, हाल सकृय संक्रमित मध्ये ५९ प्रतिशत सक्रिय संक्रमित काठमाण्डौ उपतयकाका छन् । यसले, अहिलेको समयमा काठमाण्डौमा संक्रमणको दर तिव्र गतिमा बढिरहेको छ भन्ने देखाउँछ र यसले आउने दिनमा सक्रिय संक्रमित बढ्दै जाँदा जठिल अवस्था सृजना गर्ने तर्फ पनि संकेत गर्दछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219